धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी,नेपाल

नगर कार्यपालिका वैठक, बैठक संख्या ०५/०८१/०८२

आज मिति २०८१ साल माघ ०३ गते, बिहिबार दिनको २:०० बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री हर्क राज राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो।

उपस्थिती:

| क.स. | नाम | पद | कार्यालय/वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री हर्क राज राई | प्रमुख | धउमनपा | |
| २. | श्री अइन्द्र विक्रम बेघा | उप-प्रमुख | धउमनपा | |
| ३. | श्री यज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री धनबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद कापले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री साबित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २४. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २६. | श्री रबिन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २७. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २८. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान १५ | |
| २९. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| ३०. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३१. | श्री अम्बिका प्रसाद चौलागाई | प्रमुख प्रशासकीय अधिकृत | धउमनपा | |

| क.स | नाम | पद | | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

मिति २०८१/१०/०३ गते धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठकमा भएको छलफल र निर्णय भएका विषयहरु:

१. **बैठकको गणपुरक संख्या सम्बन्धमा।**

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २५ जना सदस्यहरूको उपस्थित रहेकोले गणपूरक संख्या पूरा भएको हुँदा अध्यक्षबाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो।

२. **अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।**

यस अघि मिति २०८१/०५/२७ गते बसेको कार्यपालिकाको बैठकमा जम्मा ७ वटा निर्णयार्थ पेश भएका थिए। उक्त पेश भएका निर्णयार्थ केहि कार्यान्वयन भएको र केहि कार्यान्वयनको चरणमा रहेको बैठकमा जानकारी भयो।

३. **धरान उत्सवका सम्पूर्ण कार्यक्रमहरु अनुमोदन गर्ने सम्बन्धमा।**

निर्णय नं ३ उपर छलफल गर्दा धरान उत्सवका सम्पूर्ण कार्यक्रमको आय-व्यय प्राप्त भइ नसकेकाले उक्त निर्णय उपर आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो।

४. **कोशी राजमार्ग निर्माण या घरजग्गा फुक्का सम्बन्धमा।**

कोशी राजमार्ग ७२ फुट तोक्ने मिति २०८०/०३/२० गतेको कार्यपालिका बैठकबाट निर्णय भइसकेको हुँदा ७२ फुट निर्णयलाई कार्यान्वयन गर्नका लागि नगर प्रमुखज्यूको संयोजकत्व तथा उपप्रमुखज्यूको उप-संयोजकत्वमा तपसिल बमोजिमका वडाका वडाध्यक्षहरु सदस्य रहने गरी एक समिति गठन गर्ने निर्णय गरियो। उक्त समितिबाट सो निर्णय कार्यान्वयन गराउँनका लागि सम्बन्धित निकायमा पहल गर्ने समेत निर्णय गरियो।

**तपसिल**

क. श्री हर्कराज राई, नगर प्रमुख - संयोजक
ख. श्री अइन्द्र विक्रम वेघा, उपप्रमुख- उप-संयोजक
ग. श्री नरेश इवारम, सदस्य, वडाध्यक्ष, वडा नं. १५
घ. श्री नरेन्द्र कुमार राई, सदस्य, वडाध्यक्ष, वडा नं. १८
ङ. श्री मनोज भट्टराई सदस्य, वडाध्यक्ष, वडा नं. १७
च. श्री कृष्णप्रसाद भट्टराई , वडाध्यक्ष, वडा नं. १४
छ. श्री धनबहादुर राई, वडाध्यक्ष, वडा नं. ८
ज. श्री जिवन सुवेदी, वडाध्यक्ष, वडा नं ७
झ. श्री रमेश राई, वडाध्यक्ष, वडा नं २
ञ. श्री टंकबहादुर राई, वडाध्यक्ष, वडा नं १२
ट. श्री नेत्र काफ्ले, वडाध्यक्ष, वडा नं १३

५. **भोला गुट्का भण्डारण तथा बिक्री वितरणमा पूर्णरुपमा निषेध गर्ने सम्बन्धमा।**

भोला गुट्खा पदार्थ मानव स्वास्थ्यका लागि अति नै हानिकारक मानिन्छ। भोला, गुट्खाको सेवनबाट मुख, दाँत तथा गिजा सम्बन्धी प्राणघातक रोग लागि मानिसको मृत्यु समेत भइरहेको छ। व्यक्ति मात्र नभएर यस्ता वस्तुहरुको खोल जतातत फाल्दा पर्यावरण समेत प्रदुषित हुने गर्दछ। यस्ता सुर्तिजन्य पदार्थको सेवनबाट रोग लाग्न नदिन तथा नगरलाई सुन्दर, सफा नगर बनाउँनका लागि धरान नगर क्षेत्रका सार्वजनिक स्थलहरु (पाटी पौवा, बाटोघाटो, राजमार्ग, पुस्तकालय, सार्वजनिक शौचालय, व्यामशाला, अस्पताल, शैक्षिक संस्था, धर्मशाला, धार्मिक स्थल) लगायत सार्वजनिक स्थानहरुमा भोला, गुट्खा पानपराग वा यस्तै प्रकृतिका मुखमा राखेर रस लिने जस्ता हानिकारक वस्तुहरु भण्डार विक्री र प्रयोगमा रोक लगाउनका लागि ३०(तिस) दिनको सूचना प्रकाशित गर्ने र उक्त तोकिएको समय पछि उल्लेखित सुर्तीजन्य पदार्थ विक्रिवितरण तथा भण्डार गरेको पाइएमा जफत गर्ने निर्णय गरियो। साथै सूर्तीजन्य वस्तु चपाएर आफ्नो घर, कार्यालय वा सार्वजनिक स्थानमा जथाभावी थुकेको पाइएमा नियमानुसार कार्वाही गर्ने समेत निर्णय गरियो।

६. **रकमान्तर सम्बन्धमा।**

मेयर कोषको Break Down हेरेर रकमान्तर गर्ने निर्णय गरियो। सो रकमान्तर आगामि कार्यपालिकाबाट गर्ने निर्णय गरियो।

७. उत्सवको खर्च जोहो गर्ने सम्बन्धमा।

निर्णय नं ७ उपर छलफल गर्दा धरान उत्सवका सम्पूर्ण कार्यक्रमको आय-व्यय प्राप्त भइ नसकेकाले उक्त निर्णय उपर आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो।

८. शेरा खोला तटबन्धन तथा च्यानेलिङ गर्ने सम्बन्धमा।

धरान उपमहानगरपालिका वडा नं. ४, ५, ६ भई बगेर जाने शेरा खोलामा वर्षायामको समयमा खोलाको बहाव बढेर विभिन्न वस्ती तथा खेतीयोग्य जमिन कटान गर्ने, खोलामा ढुङ्गा, गिट्टि थुप्रिदै गएर जमिनको सतह खोलामा Debris थुप्रिन गई वस्तीमा बाढी पस्ने जस्ता जोखिमको रोकथामका लागि शेरा खोला स्थित पर्ने वडा तथा सिमानाहरु वडा नं. ४, ५, ६ र १४ मा तटबन्धन र खोलालाई बिचमा च्यानलिङ गर्ने निर्णय गरियो।

९. कानून तर्जुमा मस्यौदा समिति सम्बन्धमा।

गाउँसभा नगर सभा संचालनका लागि व्यवस्था गर्न बनेको ऐनको दफा २२ मा व्यवस्था भए बमोजिम नगर प्रमुख श्री हर्कराज राई ज्यूको संयोजकत्वमा कानून तर्जुमा मस्यौदा समितिमा देहायका बमोजिमको सदस्य रहने निर्णय गरियो। साथै कानून तर्जुमा मस्यौदा समितिमा प्रशासन महाशाखाबाट सचिवालयको रुपमा काम गर्ने निर्णय गरियो। साथै कानून मस्यौदा समिति बनाई निर्णय नं १० को (क), (ख) र (ग) कार्यविधि तथा नीतिहरु अनुमोदन गर्ने निर्णय गरियो।

- श्री हर्कराज राई, नगर प्रमुख, संयोजक
- श्री अईन्द्र विक्रम बेघा, सदस्य
- श्री नरेन्द्र कुमार राई, सदस्य
- श्री मनप्रसाद लिम्बु, सदस्य
- श्री कृष्ण प्रसाद भट्टराई, सदस्य
- श्री सावित्रा परियार, सदस्य
- श्री अम्बिका प्रसाद चौलागाई, सदस्य

१०. कार्यविधि सम्बन्धमा।

क. कर्मचारी तहबृद्धि सम्बन्धी कार्यविधि २०८१ सम्बन्धमा।

कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १५१ मा यस ऐनको नियमको अधिनमा रहि स्थानीय तहले आवश्यक कार्यविधि बनाउँन सकिने भन्ने व्यवस्था भए बमोजिम यस उपमहानगरपालिकामा कार्यरत योग्यता पुगेका स्थायी कर्मचारीहरुको तहबृद्धिका लागि प्रदेश लोक सेवा आयोग कोशी प्रदेश विराटनगरले दिइएको आवश्यक राय परामर्शलाई समेटिएर तयार गरिएको कर्मचारी तहबृद्धि सम्बन्धी कार्यविधि २०८१ पारित गर्ने। उक्त कार्यविधि प्रमाणित गरी पछाडी पानामा टाँस गरिएको छ।

ख. लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति सम्बन्धमा।

महिला, एकल महिला, बालवालिका, किशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा अल्प संख्यक र लक्षित वर्गहरुको विकासका लागि यस धरान उपमहानगरपालिकाले लै.स.सा.स. सम्बन्धी आवश्यक पहिचान, योजना तर्जुमा, कार्यक्रम तथा बजेट निर्माण र सहजरुपमा कार्यान्वयन गर्न सामाजिक विकास महाशाखा अन्तर्गत आ.व. २०७९।८० को वार्षिक कार्यक्रममा समावेश लैङ्गिक सशक्तिकरण तथा सामाजिक समावेशीकरण नीति तयार कार्यक्रम बमोजिम नीति तयार गर्ने कार्यका लागि परामर्श सेवा खरिद साथै प्रक्रियाको विभिन्न चरण सम्पन्न गरी आ.व. २०७९।८० मा तयार भई सामाजिक विकास महाशाखाबाट स्वीकृतिका लागि पेश गरिएको लैङ्गिक सशक्तिकरण तथा सामाजिक समावेशीकरण नीति स्वीकृत गर्ने। उक्त स्वीकृत नीति प्रमाणित गरी छुट्टै राखिने छ।

ग. अपाङ्गता पुर्स्थापना तथा दिवा सेवा हेरचार केन्द्र संचालन कार्यविधि सम्बन्धमा।

धरान उपमहानगरपालिकाको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरु विशेष गरी बालबालिकाहरुका लागि अपाङ्गता पुर्स्थापना तथा दिवसेवा हेरचार केन्द्र संचालन कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न र प्रस्ताव कार्यान्वयन तथा अनुगमन प्रक्रियालाई प्रभावकारी बनाउँनका लागि सामाजिक विकास महाशाखाबाट तयार गरी स्वीकृतिका लागि पेश गरिएको अपाङ्गता पुर्स्थापना तथा दिवा सेवा हेरचार केन्द्र संचालन कार्यविधि स्वीकृत गर्ने। उक्त कार्यविधि प्रमाणित गरी छुट्टै राखिने छ।

नोटः आज मिति २०८१ माघ ३ गतेको कार्यापालिका बैठकमा समयको अभावले सबै निर्णयार्थहरु उपर छलफल हुन नसकेकाले भोली मिति २०८१ माघ ४ गते बिहान ८ बजे अन्य बाँकी रहेका निर्णयार्थ उपर छलफलका लागि कार्यपालिका बैठक वस्ने।

# धरान उपमहानगरपालिकाका
## कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि- २०८१

प्रस्तावनाः- कोशी प्रदेश "स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८०" मा गरिएको तह बृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी धरान उपमहानगरपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "कर्मचारीहरुको तह बृद्धि सम्बन्धी कार्यविधि-२०८१" रहेको छ। (२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रशंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क)"ऐन" भन्नाले कोशी प्रदेशबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनु पर्छ।

(ख)"कर्मचारी" भन्नाले धरान उपमहानगरपालिका अन्तर्गतको सेवाका पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ। सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम धरान उपमहानगरपालिकामा समायोजन भएका कर्मचारी साथै संघीय तथा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भै धरान उपमहानगरपालिकामा स्थायी नियुक्ति भएका कर्मचारी समेतलाई जनाउँदछ।

(ग)"कार्यालय" भन्नाले धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ ।

(ङ)"नगरपालिका" भन्नाले धरान उपमहानगरपालिकालाई सम्झनु पर्छ।

(च) "नगर कार्यपालिकाका" भन्नाले धरान उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(छ)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धरान उपमहाउगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ज)"प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेश लोक सेवा आयोग लाई सम्झनु पर्छ।

(झ) तहवृद्धि भन्नाले ऐन बमोजिम हुँने तहवृद्धि लाई सम्झनु पर्छ।

३. तह बृद्धि गर्ने अवधिः (१) कर्मचारीको तह वृद्धि प्रत्येक आर्थिक वर्षको साउन १ र माघ १ गतेबाट जेष्ठता कायम हुने गरी वर्षको दुई पटक गरिने छ।

(२) उपदफा (१) बमोजिम तह बृद्धिको लागि ऐनको दफा २७ को उपदफा (१) बमोजिमको योग्यता पुरा गरेको हुनु पर्नेछ ।

४. सूचना प्रकाशन गर्नेः (१) यो कार्यविधि बमोजिम नगरपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह बृद्धिका लागि कार्यालयले प्रत्येक वर्षको जेठ १५ गते र मंसिर १५ गते सम्भाव्य उम्मेदवारहरुका लागि ३० दिनको म्याद दिई तहवृद्धिको लागि निवेदन दिन सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिदा अनुसुची १ बमोजिमको ढाँचामा दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रकाशित सूचना नगरपालिकाको सूचना पाटी, वडा कार्यालयहरुको सूचना पाटी र नगरपालिकाको वेव साइटमा प्रकाशन गरिनेछ।

५. निवेदन दिनु पर्नेः- १) तहवृद्धि हुन चाहाने कर्मचारीले देहायका कागजात सहित निवेदन दिनुपर्नेछः-

क) अनुसुची १ बमोजिमको निवेदन।
ख) सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवाको प्रतिलिपि,
ग) समायोजन भएको भए स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि
घ) विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको, र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,
ङ) ऐनको दफा २७ को उपदफा ४ बमोजिमको सिफारिस समितिले माग गरेका अन्य कागजातहरू।

६. सिफारिस समितिः- (१)यस कार्यविधि बमोजिम तहवृद्धि गर्न देहायका सदस्य सहितको सिफारिस समिति रहनेछः

क. प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष
ख. वरिष्ठतम अधिकृतमध्ये कार्यपालिकाले तोकेको एक महिला सहित २ जना अधिकृत- सदस्य
२) सिफारिस समितिको सचिवालयको प्रशासन महाशाखामा रहनेछ।

७. आवश्यक न्युनतम योग्यता र सेवा अवधिः- १) स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाँचौं तहबाट छैठौं तहमा, सातौं तहबाट आठौं तहमा तथा नवौं तहबाट दशौ तहमा तहवृद्धि गर्दा तहवृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्ष सेवाअवधि पुरा भई पछिल्लो तिन वर्षको कार्य सम्पादन मुल्यांकनमा औसत नब्बे प्रतिशत अंक प्रास गरेको कर्मचारीलाई सम्बन्धित सेवा समुह, उपसमुहको पदमा तहवृद्धि गरिनेछ ।

८. तहवृद्धि सम्बन्धी विषेश व्यवस्थाः- (१) कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः- कोशी प्रदेश बाहिर "कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गतका स्थानीय तहमा दरबन्दी भएका कर्मचारीहरूलाई दरवन्दी भएको स्थानीय तहमा तह वृद्धि हुनेछ। एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तहदृद्धि हुनेछ ।

९. तहवृद्धि गर्नु पर्ने- १) यस कार्यविधि बमोजिम तहवृद्धिका लागि ऐनको दफा २७ को उपदफा ४ बमोजिमको समितिले दरखास्त दिने म्याद सकिएको ७ दिन भित्र तहवृद्धिका लागि सिफारिस गरि सक्नु पर्नेछ र सो सिफारिस प्रास भएको ७ दिन भित्र ऐनको दफा २७ को उपदफा ३ बमोजिम कार्यपालिकाले निर्णय गरि तहवृद्धिको पत्र दिनुपर्ने छ ।

२) यस कार्यविधि अनुरुप तहबृद्धि भएका कर्मचारीलाई अनुसुचि २ बमोजिमको ढाँचामा तह बृद्धिको पत्र दिइनेछ।

१०. ज्येष्ठता कायम हुनेः- १) यस कार्यविधि बमोजिम तहवृद्धि हुने कर्मचारीको ज्येष्ठता तहबृद्धिका लागि सबै योग्यता पुगेको मिति देखि कायम गरिने छ।

११. तह बृद्धि गर्न नहुनेः- १) यस कार्यविधि अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ६ को उपदफा (१) बमोजिमको समितिले कर्मचारीलाई तह बृद्धिकी लागि सिफारिस गर्न पाइने छैनः-

क. निलम्वन भएकोमा निलम्वन भएको अवधिभर,

ख. तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

ग. तलबबृद्धि रोक्का भएकोमा तलबबृद्धि रोक्का भएको अवधिभर

घ. असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर,

ङ. स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषदमा नाम दर्ता निलम्वन भएको भए त्यस्तो निलम्वनको अवधिभर।

१२. तह बृद्धि भएका कर्मचारीको सेवा, सुविधाः (१) यस कार्यविधि बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलव भन्दा घटी हुने भएमा खाईपाई आएको तलवभन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

१३. जानकारी दिनु पर्नेः (१) यस कार्यविधि बमोजिम कार्यालयले गरेको तह बृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा मन्त्रालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ ।

१४. उजुरी, गुनासो र पुनरावेदनः- तह बृद्धिको निर्णय उपर चित्त नबुझेमा प्रदेश लोक सेवा आयोगमा निर्णय सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र उजुरी, गुनासो वा पुनरावेदन गर्न सकिनेछ ।

१५. बाधा अड्काउ फुकाउ : यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार ऐनको दफा २७ को उपदफा ४ बमोजिमको समितिलाई हुनेछ।

१६. प्रचलित कानून बमोजिम हुने : (१) यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

१७.खारेजी र बचाउः कर्मचारी तहबृद्धि सम्बन्धी कार्यविधि २०८० खारेज गरिएको छ। उक्त कार्यविधि बमोजिम भए गरेका कामकार्वाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

अनुसुची २

कार्यविधिको दफा ९(२) सँग सम्बन्धित

विषयः तह बृद्धि गरिएको

तपाईलाई नगरकार्यपालिकाको कार्यालयको मितिगतेको निर्णयानुसार स्थानीय ............................ सेवा सरकारी सेवा (गठन तथा संचालन) ऐन २०८० बमोजिम मिति ................................................ गतेदेखि जेष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तह बृद्धि गरिएको छ। तह बृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको कामना गर्दछु ।

तपसिल

| हाल कार्यरत पदः | तब बृद्धि गरेको पदः |
|---|---|
| पदः | पदः |
| सेवाः | सेवाः |
| समुह | समुहः |
| स्तरः | स्तरः |
| कार्यालयः | कार्यालयः |

श्री..................................................

कर्मचारीको संकेत नं..............................

.................

बोधार्थ

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री लोक सेवा आयोग अनामनगर काठमाडौं, केन्द्रिय कार्यालय

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश विराटनगर मोरङ्ग।

श्री राष्ट्रिय किताबखाना पुल्चोक ललितपुर,

श्री प्रदेश लोक सेवा आयोग, विराटनगर, मोरङ्ग

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सुनसरी।

श्री कर्मचारी संचयकोष मोरङ्ग, विराटनगर

श्री आर्थिक प्रशासन महाशाखा, धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय।

अनुसुची १

कार्यविधिको दफा ४(२) सँग सम्बन्धी

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धरान।

विषयः तह बृद्धि गरि पाउँ।

प्रस्तुत सम्बन्धमा यस धरान उपमहानगरपालिकाको तह बृद्धि सम्बन्धी मिति ........................... गते प्रकाशित सूचना अनुसार हाल म तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिमको पदमा तह बृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवदेन पेश गर्दछु।

तपसिल

१. स्थायी नियुक्तिको पत्र।
२. समायोजनको पत्र।
३. बढुवा/स्तरबृद्धि/तहबृद्धि भएको पत्र।
४. पछिल्लो ३ वर्षको कार्य सम्पादन मूल्यांकन।
५. विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको, र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र।

| हाल कार्यरत पदः | तब बृद्धि हुने पदः |
|---|---|
| पदः | पदः |
| सेवाः | सेवाः |
| समुह | समुहः |
| स्तरः | स्तरः |
| कार्यालयः | कार्यालयः |

माथि उल्लेख सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहूँला बुझाउँला।

निवेदक
नामः
दस्तखतः
कर्मचारी संकेत नं.